

# Tewa

टेवा Tewa

## Volunteer's Voice

### Half Yearly Bulletin

Vol: 15
Jan - Jun 2017
Issue: 1

















## सम्पादकीय

### आदरणीय पाठकवर्गहरु



टेवा स्वयंसेवी कार्यको साथसाथै टेवा स्वयंसेवीहरूको आवाजलाई समेट्ने यो Volunteer's Voice मा सदस्य, सह सम्पादक हुँदै ६-७ वर्ष पार गरी हाल आज यो सम्पादक पद सम्हाल्न पाउँदा आफूलाई अझ गहन जिम्मेवारी ग्रहण गरेको महसुस भएको छ ।

यो Volunteer's Voice को जन्म हुनु नै हामी सबै स्वयंसेवीहरूको लागि गर्वको कुरा हो । यस Volunteer's Voice का संस्थापक सबै सदस्यहरू, कार्यकारी सदस्यहरू, सहयोगी सदस्यहरू, टेवाका कर्मचारीहरूको योगदानलाई यो Volunteer's Voice का प्रत्येक कार्यकारी सदस्य पिढीहरूले बिर्सन नहुने कुरा म फेरि पनि यो नयाँ team को कार्यकालको शुरुमा नै सम्झिन चाहन्छु । यो भन्दा अघिको सम्पादक सुश्री सिर्जना केसीसँगको कार्यकाल अविस्मरणीय रह्यो । वहाँ सहितको team को साथसाथै "अफिस सपोर्ट सर्भिस सेन्टर"का रितिना श्रेष्ठज्यू समेत समस्त सबैलाई म धन्यवाद दिन चाहन्छु ।

मुख्यत: यो अंकमा हामीले सम्पूर्ण टेवा स्वयंसेवीको प्रिय धड्कन र हालै मात्र टेवामा कार्यकारी निर्देशकको पदमा कार्यभार सम्हाल्नु भएकी श्री उर्मिलाज्यूको मीठो अर्न्तवार्ता प्रस्तुत गरेका छौं । अर्को पाटोमा हाल देशमा भइरहेको स्थानीय तहको चुनावमा महिलाको सहभागिताको साथै बिचारका केही अंश समेटेका छौं । त्यस्तै टेवाको Grantee partners समूहबाट "मुस्लिम महिला कल्याण समाज" संस्थाले गरेको उपलब्धीमूलक कार्यको स्थलगत भ्रमणका केही अनुभव प्रस्तुत गर्ने जमर्को गरेका छौं । हाम्रा प्रिय पाठक वर्गमा सुझाव, सल्लाह र आकर्षक लेख रचनाको अपेक्षा राख्दै म सहयोगी हातहरूलाई धन्यवाद दिन चाहन्छु ।

– सुष्मा खत्री रंजित
स्वयंसेवी २००९, प्रकाशन समूह

**Below are few upcoming fundraising event**

**Tree Plantation @** on 5th August 2017

# स्थानीय चुनाव २०७४

## ★ चुनावमा सम्लग्न स्वयंसेविकाका विचार - “स्थानीय निर्वाचन महिला मैत्री हुन सकेन” ★



– बिमला बस्नेत
२००० दोस्रो समूह,
टेवा स्वयंसेवी

स्थानिय निर्वाचनले सबैमा उत्साह ल्याएको छ। देशमा समृद्धि र विकासको आशा पलाएको छ। यो निर्वाचनमा महिलाको सहभागिता कसरी र कुन ढंगले भएको थियो भन्ने कुरामा सबैको जन चासो हुनु जरुरी छ। स्थानिय निर्वाचन ऐन २०७३ ले वडा तहमा ५० प्रतिशत महिला आरक्षण सुनिश्चित गरेको छ। प्रत्येक वडामा ४ जना सदस्य मध्ये २ जना दलित महिला र अल्पसंख्यक आउनै पर्ने सुनिश्चिता गरेको छ। गाउँपालिकामा ५ देखि २१ वडासम्म हुन्छ। नगरपालिकाको हकमा ९ देखि ३५ वडा हुन्छ। यहाँसम्म आइपुग्दा ५ जनाको प्रतिनिधित्व हुने भयो। यसरी वडा तहमा ५० प्रतिशत गाउँ/नगरपालिकामा चाहि ३३% प्रतिशत मात्र महिला सहभागिता हुने देखिन्छ। गाउँ/नगरपालिकाको अध्यक्ष/उपाध्यक्ष नगरपालिकाको प्रमुख/उपप्रमुख/वडा अध्यक्ष पदका लागि भने प्रष्ट आरक्षणको व्यवस्था गरिएन। नेपालमा ४ सय ६२ गाउँ कार्यपालिका, २ सय ४१ नगरपालिका, १२ वटा उपमहानगरपालिका, ४ वटा नगरपालिका रहेकै वडा तहमा मात्र २ जना अर्थात् ५०% निर्वाचित भएता पनि गाउँपालिका/नगरपालिकामा ३३% को मात्र सहभागिता भएको छ।

सबै तहमा महिलाको आरक्षण ५०% रहने हो भने मात्र निर्णायक पदको हकमा महिलाको सहभागिता महिला मैत्री हुने छ। वडा तहमा चक्रीय प्रणाली लागु भएको हुदाँ महिला सहभागिता सुनिश्चित हुन्छ। तर गाउँ/नगरपालिका आदीमा एक पद एक मतका आधारमा निर्वाचित हुने प्रणाली भएको हुँदा महिलाको सहभागितामा कमि आएको छ। स्थानिय निर्वाचन ऐन २०७३ लाई सन्तुलित राख्न खोजिएता पनि वडा तहलाई मात्र ५०% रहयो। यसले निर्णायक तहमा आएर यो महिला मैत्री देखिदैन। महिला मैत्री बनाउनको लागि गाउँपालिका ४ सय ६२ छन्, ती मध्ये ५०% मा मात्र आरक्षण भएको भए पनि अध्यक्ष/उपाध्यक्षमा फरक लिङ्ग भनिएको भए हुन्थ्यो। तर फरक समूह भनेर महिलालाई सहभागिताबाट बन्चित गराउने खालको शब्दहरू राखी ३३% सहभागिता, महिला मैत्री चाँहि भएन महिलाले गर्ने कामहरूमा अझै पनि पुरुष प्रधानता नै देखिएको छ। धन्यवाद !

## ★ स्थानिय चुनावमा महिला उम्मेद्वारहरूका अनुभव ★



– यशोदा खड्का
२०१४ दोस्रो समूह
टेवा स्वयंसेवी

मैले स्थानिय तहको निर्वाचनमा सहभागी हुने अवसर पाएँ। जुन मेरो लागि महत्वपूर्ण अवसर थियो। मेरो उद्देश्य समाजभित्रको महिलाका समसामयीक विषयवस्तुलाई स्थानिय स्तरबाट सरकारसम्म लैजान र समस्याको समाधान गर्न, महिला सशक्तिकरणका लागि काम गर्नु हो। यो मलाई टेवाले सिकाएको हो। म नेता बन्न होइन हरेक महिलालाई नेतृत्व तहमा पुराउनका लागि चुनावी मैदानमा उत्रिएकी हुँ। मैले टेवाबाट हाम्रो टेवा गाउँघर स्वयंसेवीको काम गर्ने अवसर पाएकोले म महिलाहरूको समस्यासंग धेरै परिचीत पनि थिएँ। मैले आफ्नो समुदायमा त्यती धेरै काम नगरेता पनि महिला सशक्तिकरणका लागि काम गरिरहेको थिएँ। म, अब मेरो समुदायमा पनि प्रत्यक्ष काम गर्ने योजनामा उभिएको छुँ। काम गर्न नेता नै बन्नु पर्छ भन्ने पनि होइन। तर राजनीतिमा चासो एकदम भएकाले पाएको अवसर गुमाइन। यो राजनीतिको बाटो पनि गुलाफ फूलको हाँगासम्म काटेर ओछ्याइएको जस्तो रहेछ। हेर्दा क्या राम्रो तर कुल्चन थालेपछि चसक्क हुने खालको ! मैले सुनेकी थिएँ, राजनितीमा लाग्नेहरूको कान बहिरो हुनु पर्छ रे जस्ले जे भने पनि नसुन्ने र छाला बाक्लो भइ चिमोटे पनि दुखेन भन्न सक्ने हुनुपर्ने रहेछ। सबैबाट आलोचित हुनुपर्ने र लान्छना सहनु पर्ने कुरा मैले ग्रहण गर्न सक्ने भएर नै म समाज सेवा गर्छु भनेर अगाडी बढेको हुँ।

यस पटक चुनाव प्रचार प्रसार गर्ने समय अत्यन्त कम थियो। म इमान्दार छु, तसर्थ बैमानहरूको तारो बन्न कत्ति समय नलाग्ने रहेछ। कस्तो बुझिनसक्नु यो राजनिती सिद्धान्त ! महिलाका लागि केही गर्छु भनेर उभिएकी म, मेरो हार भएपनि यो त जित जतिकै हो भनेर सहानुभूति देखाउनेहरूको कमी भएन। मैले पनि हार मानेकी छैन, बस अनुभव धेरै बटुलें। ५ वर्ष पछि फेरी लड्ने छु, मलाई मेरा महानगरपालिकाबासीले पक्कै विश्वास र माया गर्नु हुनेछ। धन्यवाद !



– रीता श्रेष्ठ
२०१६ दोस्रो समूह
टेवा स्वयंसेवी

म महिला उम्मेदवार रीता श्रेष्ठ, विभिन्न प्रकारले सामाजिक क्रिया -कलापमा सहभागी हुँदै आएको थिएँ। मेरो यसै पृष्टभूमीलाई जोडेर म एक उम्मेदवार बन्न सक्षम भएँ। उम्मेदवार बन्दै गर्दा मनमा एक प्रकारको उत्सुकता, अलिअलि डर उत्पन्न हुन स्वभाविक थियो। तर पनि म आफू रहेको समाजका, दिदी बहिनी, बुबाआमा, दाजुभाईहरूले दिनु भएको हौसला र प्रोत्साहन नै मेरो निमित्त अत्याधिक सुख थियो। म आफु एक युवा उमेरको भएकोले यहि समाजमा रहेका विभिन्न किसिमका महिला दिदी बहिनीहरू, राष्ट्र निर्माणको अग्रपन्तीमा उभिएका युवाहरूको साथमा, देशको निम्ति केही गर्नुपर्छ भन्ने लागेर नै यो चुनावको उम्मेदवारमा उठेकी हुँ। यो स्थानिय तहको निर्वाचन मुलुककै पहिलो र स्थानिय निकाएको २० वर्ष पछि भएकोले आफूलाई उम्मेदवार हुन पाउँदा गर्व र खुशी लाग्नु स्वभाविकै हो। प्रत्यक्ष जनतासँग जोडिन पाउनु, घरदैलो गर्दै जादाँ खेरि टोल-टोलमा भएका टोलबासीका समस्याहरू नजिकबाट बुझ्न पाउनु, उहाँहरूबाट सद्भाव, स्नेह, माया पाउनु जस्ता धेरै अनुभव बटुल्न पाएँ। सामाजिक कार्यमा लागि परेर समाज सेवा गर्छु भन्ने भावनाले प्रतिवद्धता लिएकी मैले मलाई चुनावमा साथ दिनहुने सबै आमाबाबु, दिदीबहिनी, दाजुभाईहरूलाई म धन्यवाद दिँदै वहाँहरूप्रति आभारी छु।

धन्यवाद !

# अन्तर्वार्ता

**श्री उर्मिला श्रेष्ठज्यू एक मिलनसार शान्त स्वभावकी प्रत्येकका विचार र स्वभावलाई बुझ्ने सही नेतृत्व क्षमता भएकी सबका अनुयायीका रुपमा चिनिनु हुन्छ । उहाँले टेवामा एक दशक भन्दा बढी आफ्नो जीवनको उर्वरा समय बिताइसक्नु भएको छ । टेवाको आवद्धता शुरुभए देखि हालसम्मका सम्पूर्ण स्वयंसेवीहरू बीच वहाँको हार्दिकताले एक आपसलाई अझ संगठित बनाएको छ । वहाँको कार्यशैली, अनुभव तथा सौहार्दताले गर्दा यसै वर्षदेखि टेवाको कार्यकारी निर्देशक जस्तो जिम्मेवार र सम्मानित पदमा मनोनयन हुनु, जुन टेवाको दिगो विकास र स्वयंसेवकहरूको लागि गर्वको कुरा हो । यसै सन्दर्भमा वहाँको अनुभवबारे संक्षिप्त कुराकानी–**

**१. टेवाको लामो यात्रा पार गरी अहिले टेवाको कार्यकारी निर्देशक जस्तो जिम्मेवारीपूर्ण पद सम्हाल्न पाउंदा कस्तो अनुभव भइरहेको छ ?**

सन् २००४ मा टेवामा स्वयंसेवी कार्यक्रम अधिकृतको लागि Vacancy Call गरिएको थियो । उक्त पदको लागि मैले पनि दरखास्त हालेको थिए जस्को लागि २३१ जनाको निवेदन परेको थियो । Short listing मा ८ जनामध्ये म मा Volunteer program officer को रुपमा नियुक्त भए । तत् पश्चात् स्वयंसेवी कार्यक्रम अधिकृतको रुपमा काम गरे । महिला शशक्तिकरण, अधिकारमुखी अवधारणा, नारीबाद, परोपकारीता बारे प्रष्ट भएको छ । यसरी काम गर्दै जाँदा स्वयंसेवी कार्यक्रम अधिकृतबाट विभिन्न पदमा जीवन परिवर्तन गर्न थप जिम्मेवारी महसुस भएको छ । यो पदमा पुग्नको पछाडी साधाना दिदीको विश्वास, सहयोग र उत्प्रेरणाले गर्दा संभव भएको छ साथै टेवामा Team work को जुन वातावरण विश्वास माया साथ र सहयोगको वातावरण छ त्यसमा सबै कर्मचारी साथीहरूको निस्वार्थ साथले मात्र संभव भएको हो भन्नु दुइ मत छैन ।

**२. स्वयंसेवीहरु माझ रही स्वयंसेवीहरुको प्रिय पात्र बन्न सफल तपाईंको स्वयंसेवीहरुलाई कुन दृष्टिले हेर्नु हुन्छ र अब पनि स्वयंसेवीहरुलाई कसरी टेवाको कार्यमा अघि बढाउन चाहनुहुन्छ ?**

टेवा नेपालको एकमात्र महिला कोष । त्यस माथि पनि नेपालीहरूबाट अर्थ सङ्कलन गर्नु पर्ने झट्ट सुन्दा कठिन लाग्ने तर टेवालाई अन्य संघ संस्था भन्दा पृथक चिनाउने यहि कारण पनि हो जुन नेपालीहरूबाट अर्थसङ्कलन शायद स्वयंसेवीहरू बीच परिकल्पना गर्न सकिन्न थियो । रीता दिदीको दूर दृष्टि र निरन्तरको Guidance ले गर्दा मात्र संभव भएको हो भन्न सकिन्छ । निस्वार्थ भावले जोखिममा परेको नेपाली महिलाहरूको जीवनस्तर उकास्न जुन सेवा गरेको छ त्यसको लागि स्वयंसेवीहरूप्रति नतमस्तक छ र स्वयंसेवीहरूलाई अझ थप शसक्त बनाउन समय अनुसारको कार्यक्रम गर्दै क्षमता अभिवृद्धी गर्ने सोच बनाएका छौं ।

**३. टेवामा आवद्ध हुनु अगाडी कहाँ काम गर्नु भएको थियो ? महिला मुद्धाको लागि काम गर्नु भएको थियो ? थियो भने के हो ?**

टेवामा आवद्ध हुन अगाडी मकवानपुर उद्योग वाणिज्य संघ हेटौडामा कार्यक्रम अधिकृतको रुपमा कार्यरत थिएँ र महिला उद्यमशिलता विकासको लागि काम गरेको थिएँ ।

**४. Volunteer's Voice को स्थापना काल देखि प्रकाशनमा आवद्ध भइ यो समय सम्म आइपुग्दा के कस्तो अनुभव रह्यो र अबका दिनमा गर्नुपर्ने सुधार के कस्तो होला ।**

सन् २००५ मा यो प्रकाशन गर्दा केही पनि अनुभव थिएन । कसरी शुरु गर्ने, कहाँबाट शुरु गर्ने, कसले पुरा गर्ने भन्ने अवस्था थियो । त्यस बखत स्वयंसेवी बन्दना शर्माले यसलाई नेतृत्व लिनुभयो । तत्पश्चात यसको निरन्तर प्रकाशनको लागि Volunteer's Voice endowment fund को अवधारणा स्वयंसेवी सुनिल बस्नेतले ल्याउनु भयो र अब उप्रान्त अर्थको कारण प्रकाशन नहुने अवस्था रहेको छैन । यसको निरन्तरताको लागि प्रकाशन समूह चनाखो रहनु पर्ने हुन्छ । साथै सबै स्वयंसेवीहरूलाई समेटन सक्नु पर्ने तथा यसको वितरणमा विशेष ध्यान दिनु पर्ने हुन्छ । यसभित्र के विषय समेट्ने, कस्ता कुरा छाप्ने, ता की उक्त प्रकाशन खोजेर पढौं पढौं लागोस् ।



– उर्मिला श्रेष्ठ
कार्यकारी निर्देशक

**५. नयाँ पद भार ग्रहण गर्नु भएको छ । महिलाको मुद्दामा थप नयाँ के गर्ने सोच बनाउनु भएको छ ?**

महिलाको मुद्दामा नयाँ नयाँ बाधा अड्चन आइरहने हुन्छ र टेवाको मुख्य काम नै उक्त बाधा अड्चनलाई पार गरी महिलालाई सशक्त बनाउन महिलाको क्षेत्रमा आएका नयाँ समस्याहरू, चुनौतीहरूको बारे जानकारी दिदै समाधान खोज्नको लागि गरिने प्रयासमा सहयोग पुऱ्याउने काममा निरन्तरता रहने छ । महिला दिदी बहिनीहरूका क्षमता अभिवृद्धि तथा सामुदायिक परोपकारलाई ध्यान पुऱ्याइने छ ।

**६. १० वर्ष अगाडी र हाल महिलाको परिस्थितीमा के भिन्नता आएको छ ?**

हाम्रो जस्तो संघ सस्था, सरकारले महिलामा गरेको लगानीले गर्दा हिजोको भन्दा महिला सबल भएका र आफ्नो अधिकार बारे सचेत भएको र आफ्नो धारणा प्रष्टसँग राख्न सक्ने भएका छन् । जसको परिणाम स्थानिय निर्वाचनबाट पनि पुष्टि भएको छ तर पनि सदियौ देखि पितृसतात्मक सोचबाट गुज्रेको समाजमा महिला माथि हुने हिंसा, भेदभाव, श्रोत तथा अवसरबाट बन्चित रहेको तथ्याङ्कबाट के पुष्टि भएको छ भने हाम्रो लगानी अझै पनि महिलामा हुनुपर्छ जसले समतामूलक समाज निर्माणको लागि सहयोग मिल्छ ।

"A woman is like a teabag-you never know how strong she is until she gets in hot water." **-Eleanor Roosevelt.**

## Committee for year 2017 - 2019



**Sushma Khatri Ranjit**
Editor



**Nirmala Gurung**
Co-Editor



**Sagun Shrestha**
Member



**Manila Shrestha**
Member



**Palistha Shakya**
Member

### Support team:

Shreejana KC
Pragya Maharjan
Dhruba Gautam






Join us at facebook
www.facebook.com/TewaFundforWomen

## Report on Exposure Visit
## "Nepal Muslim Mahila Kalyan Samaj"

On 12th April, 2017, Thursday, Tewa organized exposure visit program for the first batch volunteers of 2017. The 16 volunteers along with Philanthropy Manager; Roshani Thapa and Junior Program Officer; Nickyba Pradhan went for the Grantee Visit at Nepal Muslim Mahila Kalyan Samaj, Bagbazar. This organization was established on 2063 B.S to empower the Muslim women and give them equal Rights on politics as given to the women of other religion and caste. Nowadays this organization also provides training to the Muslim Women and the women from Marginalized and Dalit Community for the economic empowerment of the women. This organization had expanded its network to 20 districts. They received the grant from Tewa of Rs. 49,970.00 in 2015/16 for the awareness training regarding the rights of Muslim Women after the amendment of constitution. This organization also works in different field like Women's Right, Dowry System, and Voting Rights.

This exposure visit was very fruitful to all the volunteers who attended the session. The President of this organization, Ms Seema Khan started the session with the introduction of the organization. She shared about the difficulties and challenges that came around while establishing this organization. Most of the volunteers were interested to know more about the organization and the general trend of Muslim community and there was an open session for the discussion. After the session we had wonderful lunch. Then the group was taken for a short tour at the Tika making factory. The factory is located in Dillibajar and the organization was able to set up this factory with the machine donated by the Government of Turkey. The organization had established the factory to help the deprived group of women provide training for women for their economic development and decrease unemployment. The organization is trying to involve women from different communities including disabled women as well.

From this visit we were able to know how all the things were beautifully crafted in their Kuran right in the beginning regarding the rights of women but unfortunately this patriarchy has always dominated the whole world and so have been Muslim women as well.

The overall visit was unexpectedly tremendous. All the volunteers were eager to know about the organization and the Muslim Community. Thank you Ms. Seema Khan and the whole family of Nepal Muslim Mahila Kalyan Samaj.

– Srishti Jayana
Volunteer, 2017 1st Batch

| PUBLICATION TEAM | | | | SUPPORT TEAM |
|---|---|---|---|---|
| YEAR | EDITOR | Co-Editor | Member | |
| 2015-17 | Shreejana K.C | Sushma Khatri Ranjit | Laxmi Ojha Bhadra<br>Dhurba Gautam<br>Tripti Bataju | Sunil Basnet<br>Bimala Basnet<br>Pragya Maharjan |
| 2013-15 | Sunil Basnet | Shreejana K.C | Laxmi Ojha Bhadra<br>Sushma Khatri Ranjit | Sheetal S. Bajracharya<br>Sarala Shrestha<br>Sharada Gurung |
| 2012/13 | Sharati D. Ranjit | Sunil Basnet | Laxmi Bhadra Ojha<br>Shreejana K.C<br>Sushma Khatri Ranjit | |
| 2012/13 | Sheetal S. Bajracharya | Sharati Devi Ranjit | Sharada Gurung<br>Sushma Khatri Ranjit<br>Shreejana K.C | Sarala Shrestha<br>Sunil Basnet<br>Pooja Sharma<br>Pooja Upadhaya<br>Neeta Lama |
| 2009-2012 | Pooja Sharma | Sharati Devi Ranjit | Sarala Shrestha<br>Sharada Gurung<br>Jyoti Khadka | Neeta Lama<br>Bandana Sharma<br>Sunil Basnet<br>Sheetal S. Bajracharya<br>Anu Manandhar |
| 2006-2008 | Bandana Sharma | Pooja Sharma | Sarala Shrestha<br>Anu Manandhar<br>Nita Lama<br>Samjhana Shrestha<br>Sarita Shrestha<br>Sharada Gurung<br>Baijayanti Pokhrel | Meena Gurung<br>Kiran Sharma<br>Riva Thapa<br>Bimala Basnet |
| 2005 | Bandana Sharma | | Sarala Shrestha<br>Anu Manandhar<br>Nita Lama<br>Samjhana Shrestha<br>Kiran Shahi<br>Sarita Shrestha | Meena Gurung<br>Kiran Sharma<br>Riva Thapa<br>Bimala Basnet |

## Condolence





**Rina Rai**
Grantee partner





**Soniya Thapa Magar**
Volunteer

Tewa P.O.Box 11, Dhapakhel, Lalitpur, Nepal, Phone: 5229045/5229054 Fax: 5229059
email: tewavolunteervoice@live.com, info@tewa.com.np, website: www.tewa.org.np